म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २६५ बुधबार २१ बैशाख २०७९ तृतीया ने. सं. ११४२ चिल्लाथ्व 4 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस साझाकुरा राष्ट्रिय दैनिकको लागि बजार प्रतिनिधि आवश्यक परेकाले ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

०५७-५२११११५

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका साझाकुरा राष्ट्रिय दैनिक

## हेटौंडामा गठबन्धनको घोषणा: खानेपानीदेखि ३०० युनिट बिजुली नि:शुल्क

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ पाँचदलीय सत्तारुढ गठबन्धनले हेटौंडा उपमहानगरपालिकाको लागि स्थानीय तह निर्वाचन लक्षित प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ ।



मंगलबार पत्रकार सम्मेलन गर्दै गठबन्धनले प्रतिवद्धतापत्र सार्वजनिक गरेको हो । प्रतिवद्धता पत्रमा गठबन्धनले २२ शिर्षकमा ३६ वटा घोषणा गरेको छ । गठबन्धनले हेटौंडा उपमहानगरपालिकामा निर्वाचित भएमा प्रत्येक महिना १२ हजार लिटर खानेपानी नि:शुल्क वितरण गर्ने घोषणा गरेको छ । प्रतिवद्धतापत्रमा उपमहानगरबासीलाई ३ सय युनिटसम्मको बिजुली नि:शुल्क प्रदान गर्ने घोषणासमेत गरिएको छ ।

मेयरकी उम्मेदवार मीना लामाले हेटौंडामा गठबन्धन विजयी भएमा वार्षिक रुपमा ३०० युनिटसम्म बिजुली नि:शुल्क गर्ने बताएकी हुन् । त्यस्तैगरि एक घर एक रोजगारलाई प्राथमिकतामा राख्ने, हेटौंडा अस्पतालको स्तरोन्नति गर्न पहल गर्ने, प्रत्येक वडामा एमबीबीएस डाक्टरसहितको स्वास्थ्य सेवा उपलब्ध गराउने र जेष्ठ तथा अशक्त नागरिकको लागि घर-घरमा स्वास्थ्य सेवाको व्यवस्था गरिने घोषणा गरिएको छ ।

हरेक वर्ष कम्तीमा ५ जना विद्यार्थीलाई एमबीबीएसको छात्रवृत्तिको व्यवस्था गर्ने, सामुदायिक विद्यालय तथा कलेजमा स्वास्थ्यकर्मी नर्सको व्यवस्था अनिवार्य गर्ने, औद्योगिक क्षेत्रका लागि अनिवार्य आवश्यक जनशक्ति उत्पादन गर्ने घोषणा पनि प्रतिवद्धतापत्रमा गरिएको छ । हेटौंडा विकास प्राधिकरण गठन गर्ने तथा नगर यातायातको गुरुयोजना तयार गरि कार्यान्वयन गर्ने प्रतिवद्धता पनि जनाइएको छ ।

हरेक वर्ष कम्तीमा ५ जनालाई एमबीबीएस अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्नुका साथै सामुदायिक विद्यालय तथा कलेजमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न पनि गठबन्धनका उम्मेदवारहरु प्रतिबद्ध रहेको छ । उपमेयर पदका उम्मेदवार राजेश बानियाँले प्रत्येक वडामा मिनी रंगशाला निर्माण गर्ने प्रतिबद्धता जनाए ।

उनले नगरभित्रका नदी खोलाहरुको व्यवस्थापन गरी अस्थायी स्वीमिङ पुल निर्माण, जलबिहार तथा पार्कहरु निर्माण गरी पर्यटनमैत्री नगर बनाउने योजना पनि अघि सारिएको छ । धार्मिक क्षेत्रहरुको सुधार तथा प्रवर्द्धन गर्नुका साथै हरेक वडामा फलफूलको बगैचा बनाउने पनि प्रतिवद्धतापत्रमा उल्लेख गरिएको छ । नगरमा सुविधासम्म सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थापन गर्ने कुरामा पनि गठबन्धनका उम्मेदवारहरुले ध्यान दिएका छन् । भोकाहरुको खानाको व्यवस्थापन गर्ने पनि प्रतिवद्धता जनाइएको छ ।

नगरस्तरीय प्रज्ञा प्रतिष्ठान स्थापना, प्रवर्द्धन र विकासका कार्यक्रम गर्न पनि गठबन्धन प्रतिवद्ध बनेको छ भने नगरस्तरीय नाट्याशाला निर्माण गर्ने योजना पनि अघि सारिएको छ ।

त्यस्तैगरि अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको पहिचान गरि सम्मानजनक व्यवस्थापन गरिने, विपद् व्यवस्थापनमा बजेट विनियोजन, विपद् व्यवस्थापन तालिम, राहत सामाग्री व्यवस्थापन, एम्बुलेन्स सेवा, रक्तसञ्चार सेवा, अग्नि नियन्त्रण सेवा र शव वाहन सेवा सञ्चालन तथा सहयोग गर्ने पनि घोषणा गरिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## Vacancy Announcement

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted Learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. *Vice-Principal*
2. *Coordinators*
   Secondary Level, Basic Level and Pre-primary Level
3. *Secondary & Basic Level Faculty*
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, Health, Physical & Creative arts
4. *School Counselor*
5. *Event Manager*
6. *Secretary to CEO*
7. *ECA Instructor*
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing.
8. *Officers*
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
9. *Assistants: Computer Lab, Computer Operator, Front Desk*
10. *Discipline Staffs*
11. *Drivers: Bus, Van & Tractor ( ड्राइभर )*
12. *Security Guards ( सुरक्षा गार्ड )*
13. *Hostel Staffs: Cook, Helpers, Gardener ( भान्से, सहयोगी र माली )*

**For further details, please visit our website** *www.hetaudaacademy.edu.np/vacancy*

***Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 11, 12 and 13. Preference will be given to well trained and experienced candidates in related areas.***

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at **hr@hetaudaacademy.edu.np** with 2 references and expected salary not later than **7 May 2022.**
Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur,Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
E-mail: info@hetaudaacademy.edu.np

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

# शुभारम्भ

YADEA
e-SCOOTERS



GRAND OPENING

**Offer**
रू.१०,०००।-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# शिक्षित र सक्रिय वडाध्यक्ष चयन अहिलेको आवश्यकता

वैशाख ३० गते हुने स्थानीय तह निर्वाचन आउन अब ९ दिन बाँकी छ । चुनावको दिन नजिकिँदै जाँदा उम्मेदवारहरू घरदैलोमा व्यस्त छन् । चुनावको नतिजा आफ्नो पक्षमा ल्याउन घरदैलो कार्यक्रममार्फत् उम्मेदवारहरू मतदातालाई आफ्नो प्रतिबद्धताबारे जानकारी गराउँदै घरदैलो हिँडिरहेका छन् । पार्टीहरुले आ-आफ्नो प्रतिबद्धतापत्रमा वडाको विकासका योजनाहरु र सामाजिक क्षेत्रमा गरिने कार्यक्रमहरुको बारेमा जानकारी गराएको पाइएको छ ।

आसन्न स्थानीय तह निर्वाचनका लागि पाँच दलीय सत्तासाझेदार गठबन्धन र एमाले-राप्रपा नेपाल-नेपाल परिवारदलसहितको गठबन्धनका साथै स्वतन्त्र उम्मेदवारहरूले प्रचार-प्रसारलाई तिव्रता दिइरहेका छन् । हेटौंडामा पाँच दलीय गठबन्धनका उम्मेदबारहरु बिहान सबेरैदेखि राति अबेरसम्म दलका झण्डा, उम्मेदवारहरूको फोटो र निर्वाचन चिन्ह बोकेर मतदाताको घरघरमा पसिरहेका छन् । जनताको घरदैलोमा पुगेका छन् । आफूले जिते सुन्दर शहरको परिकल्पना, ज्येष्ठ नागरिको सम्मान, बिजुली, पानी, स्वास्थ्य, बाटोघाटो, स्वीमिङ पुल, स्तरीय पार्कको परिकल्पना सुनाउँदै जनताको घरदैलोमा जनतासंग भोट मागिरहेका छन् भने नेकपा एमालेले पनि घरदैलो कार्यक्रममलाई तिव्रता दिइरहेको छ । यसपटक सामाजिक सञ्जाल पनि नेताहरुको लागि उपयोगी सावित वनेको छ । टिकटक, फेसबुक, म्यासेन्जर जस्ता एपले प्रचारप्रसारमा मद्दत पुगेको छ । आचार संहिता लागू भएकोले विभिन्न खालका कपडा, टोपी, टिसर्टमा पार्टीको चुनाव चिन्ह अंकित झण्डा प्रयोग गर्न रोक लगाइएको छ । जसले गर्दा उम्मेदवारहरुको केहि हद्सम्म खर्च नियन्त्रण हुन सक्छ । यो विषयलाई आम जनताले बुझ्नु पर्छ ।

निर्वाचनको बेलामा विशेष गरी युवा जगतले आफ्नो सामाजिक हैसियत बुझ्नु जरुरी छ । निर्वाचनको नजिक आउँदामात्र घरदैलोमा आएर विकासको योजनाहरुको बारेमा जानकारी गराउँदै विकासको आश्वासन बाँड्ने र अरु बेलामा जनताको पीर मर्का नबुझ्ने नेताहरुलाई बेलैमा चिन्नु जरुरी छ । स्टकोट लगाएर नेता हुँ भन्दै भोट माग्न आउने त्यस्ता गाउँ, टोल र वडाबासीले मन नपराउने व्यक्तिलाई भोट हालेर आफ्नो भोट खेर फाल्ने र गलत मान्छेलाई जिताउने कार्य कदापि गर्नु हुँदैन । वडा भनेको स्थानीय सरकार हो । संघीय सरकार, प्रदेश सरकार र पालिकास्तरबाट विनियोजन भएको बजेटलाई कार्यान्वयन गर्ने र वडास्तरबाट नयाँ योजना बनाउने र कार्यान्वयन गर्ने वडाको काम पर्दछ । त्यसैले स्थानीय तहको निर्वाचनमा शिक्षित, सक्षम र योग्य उम्मेदवारलाई जिताएर हेटौंडालगायत सबै पालिकाको विकासमा उल्लेख्य योगदान गर्नुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख २२ गते बिहीबार ५ मे २०२२ । वैशाख कृष्ण चतुर्थी । चौलाथ्व चतुर्थी ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पराक्रम वृद्धि | तुला | : आर्थिक हानि |
| वृष | : शत्रु वृद्धि | वृश्चिक | : आर्थिक लाभ |
| मिथुन | : भाग्यबाट सन्तोष | धनु | : विदेशबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : आफन्तमा विवाद |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मांगलिक कार्यमा मन |
| कन्या | : सम्पत्तिबाट लाभ | मीन | : मानसम्मानमा वृद्धि |

# स्थानीय निकाय लोकतत्वको आधार स्तम्भ र निर्वाचनका विकृति



रामनारायण देव



स्थानीय निकायको आसन्न निर्वाचनमा राजनीतिक दलहरू सक्रियतापूर्वक लागेका छन् । संसदीय व्यवस्थामा विश्वास गर्ने दलहरु प्राय: सबै चुनाव लडिरहेका छन् । राष्ट्रियस्तरका दलहरू नेपाली कांग्रेस, नेकपाका घटकहरू एमाले, एकीकृत समाजवादी, माओवादी केन्द्रका साथै जनता समाजवादी पार्टी (जसपा) तथा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)हरु बीच प्रतिस्पर्धा हुँदैछ । यस अतिरिक्त जनमत पार्टी, नेपाल मजदुर किसान पार्टीलगायत सानादलहरु पनि चुनावी मैदानमा छन् ।

स्थानीय संघीय लोकतान्त्रिक गणतन्त्र संविधान निर्माणपछि महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरुमा विकास निर्माणदेखि शिक्षा, स्वास्थ्य, पर्यावरण, सिँचाइ, खानेपानीलगायत धेरै विषयका अधिकार छन् । संघीयता आएपछि पर्याप्त बजेटको व्यवस्था भएकाले पालिकाहरू आकर्षणका केन्द्र बनको छन् । त्यसैले पूर्वसांसद र मन्त्री भइसकेका व्यक्तिहरु पनि स्थानीय तहको चुनावी मैदानमा उत्रेका छन् ।

यसरी स्थानीय तहमा चुनावी आकर्षण बढ्नु राम्रो पक्ष भए पनि यसमा विकृति पनि बढिरहेको छ । चुनावमा जातीयता, क्षेत्रीयता, धार्मिकताको भावना फैलाइँदा जनता अन्यालमा परिरहेका छन् । एकातिर उम्मेदवारहरु आफैँ जात, धर्म, क्षेत्रको आधारमा भोट माग्न हिचकिचाउँदैनन भने सामाजिक सञ्जाल र मिडियाहरुले पनि त्यसमा बल पुऱ्याइरहेका छन् । त्यसले मतदाताको सोच बदलिदिन्छ भने अर्कोतिर यसै निहुँमा जातीयगढहरुमा धाँधली गरी अनुकूल वातावरणको सिर्जना गरी रहेको छ । यसले निर्वाचित जनप्रतिनिधिलाई पनि जातीय समुदाय विशेषको निम्ति पक्षपाती हुन प्रेरित गरिरहेको छ ।

जनताको हितभन्दा व्यक्तिगत स्वार्थतिर बढी लाग्ने गर्छन् । चुनावमा कसैगरी पुराना जनप्रतिनिधि हारे पनि नयाँ आउनेहरुले पुरानै शैली अपनाइरहेका छन् । नयाँ उम्मेदवारहरु पनि जातीय नारा लगाउनुका साथै मतदातामा नगद बाँड्ने, नातागोताको संवेदनशीलतालाई उचालेर चुनाव जित्ने गरेका छन् । अहिले चुनावको चरित्र नै अर्थ प्रधान भएको छ । जसले अर्थ खर्च गर्न सक्छ उसैले चुनावमा विजय हासिल गर्छ । त्यसैले समाजको कुनै क्षेत्रमा केही लोकप्रियता कमाएको व्यक्ति चुनावी मैदानमा आएको देखिन्छ । त्यसको लोकप्रियताको आधारमा उद्योगपति, व्यापारी धनी सम्पन्न जमिनदारको साथै फिल्म सिनेमाका कलाकारहरु पनि चुनावी प्रतिस्पर्धामा देखिन थालेका छन् । मानो, चुनाव एउटा व्यापारिक प्रतिष्ठान भइसकेको छ । घाटानाफाको गणितीय विश्लेषणले चुनावमा विकृति ल्याइदिएको छ । चुनावमा अत्यधिक खर्च गर्न सक्ने र पार्टी 'हाइकमान्ड'लाई नगद नारायण चठाउनेहरुलाई खोजी खोजी टिकट दिएको छ ।

अर्कोतिर राजनीतिक विचार अवस्था नीति कार्यक्रमलाई सत्ताको लागि तिलाञ्जली दिई टिकट दिने पार्टीको उमेदवार भएका छन् । स्थानीय चुनावमा नेपाली कांग्रेसबाट चुनाव जितेकाहरू यसपटक टिकट नपाउँदा जसपा, लोसपा, माओवादी केन्द्रलगायत पार्टीबाट टिकट लिने वा स्वतन्त्र उम्मेदवार हुने गरेका छन् । यसरी चुनाव व्यापारिक ठेक्कापट्टा भएको छ । जहाँ नाफा हुन्छ त्यही गर्नुपर्छ । यसरी राजनीतिकमा विकृति उत्पन्न भएको छ ।

लोकतन्त्र लागि लडेका नेताहरुमा यसको रक्षा गर्नुभन्दा यस माध्यमबाट सत्ता शक्तिमा पुग्ने चाहना बलियो देखिन्छ । विचारको भन्दा शक्तिको राजनीतिमा विश्वास गर्ने नेताहरुले लोकतन्त्रलाई कमजोर बनाइरहेका छन् । खासगरी एकदलीय कम्युनिस्ट पार्टीबाट बहुदलीय संसदीय व्यवस्थामा आएकाहरुले लोकतान्त्रिक आचरण र संस्कृति अंगाल्न सकिरहेका छैनन् । उग्रवामपन्थी पृष्ठभूमिबाट आएका माओवादी तथा जनताको बहुदलीय जनवादको नीति अपनाएर संसदीय राजनीतिमा विगत तीस वर्षदेखि अभ्यासरत एमालेलगायत घटकहरुमा लोकतान्त्रिक संस्कारको विकास भएको छैन ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीको अलोकतान्त्रिक अभिव्यक्ति र क्रियाकलापले लोकतन्त्रलाई झन कमजोर बनाइरहेको छ । उनको तराई मधेसप्रतिको नकारात्मक अभिव्यक्तिले तराईका जनताको भावनामा बेला बेलामा ठेस पुऱ्याएको छ । उता मधेस केन्द्रित दलहरु जसपा, लोसपाहरुको अतिवाद ले गर्दा पनि लोकतन्त्रलाई बलियो बनाउनुको सट्टा समाजिक सद्भावमा फाटो ल्याउने काम गरेको छ ।

लोकतन्त्रका कट्टर हिमायती तथा पहरेदार काग्रेसले पनि संविधान संशोधन गरी मधेसको मुद्दा सम्बोधन नगरिदिँदा एकातिर आक्रोश छँदैछ । अर्कोतिर काग्रेसको सदैव भोट बैंकको रुपमा रहेको मधेसको मत पनि छिन्नभिन्न भइरहेको छ । मधेसले सधैँ कांग्रेसलाई साथ दिँदै आएको छ । तर, वर्तमान अवस्थामा मधेसको मतमा किन ह्रास आएको छ भन्नेतर्फ गम्भीरतापूर्वक सोच्न नेतृत्व चुकेकोछ ।

विगत वर्षहरुदेखि नै मधेसमा कांग्रेसको पकड कमजोर हुँदैगएको देखिएको छ । विसं २०७४ सालको स्थानीय चुनाव र त्यसपछिका मधेस एवं संघीय संसद्को चुनावको परिणामले पनि कांग्रेसले मधेसमा सिट गुमाउँदै छ भन्ने प्रष्ट भएको थियो । यसका लागि बेलैमा गृहकार्य नहुँदा अपेक्षितरुपमा परिणाम न आउने संकेत देखिएको छ । मधेसका पुराना पीडित नेता कार्यकर्तालाई पाखा लगाउँदै २०४६ सालपछिका नवप्रवेशीलाई प्राथमिकता दिन थालिएको छ ।

नयाँ प्रवेशीहरु अवसरको खोजीमा आएका हुन् । न कुनै भिजन छ समर्पण नै छ । कति अहिलेको स्थानीय चुनावमा टिकट नपाउँदा स्वतन्त्ररुपमा उठेका छन् भने कति मधेस केन्द्रित दलको टिकटमा । नवप्रवेशहरुको लोकतान्त्रिक अन्दोलनमा न कुनै योगदान छ न आस्था र विश्वास छ । लोकतान्त्रिक आन्दोलनमा २०१७ सालदेखि लाग्दा जेल, नेल, पवास र प्रहरीको कठोर यातना पाएका कार्यकर्तालाई कांग्रेसले कुनै सम्मान र स्थान दिएको छैन । तराई मधेस मूलका नवकांग्रेसहरु मौका मिल्नासाथ मधेस केन्द्रित दलमा गइहाल्छन् । अर्कोतिर जनतामा राजनीतिक चेतना र शिक्षाको अभाव छ । कुनपार्टी सही छ र कुन पार्टी गलत छ, कस्को के योगदान छ, केही थाहा हुँदैन । गाउँका ठूला बडाले मीठो कुरा गरेर प्रलोभनमा पारी भोट सोहोर्ने गर्छन् । नगद नारायणको खेलदेखि मांस मदिरा खुवाएर भोट लिने गर्छन् । जातिपाति, नातागोता, साइनो गाँसेर भोट लिन नेताहरु सिपालु हुन्छन् । सोझो, छलकपटरहित ग्रामीण जनता तिनबाट चाँडै प्रभावित हुन्छन् । तिनीहरुमा निर्वाचन शिक्षाको अभाव छ । मतदान पत्रमा चिन्ह लगाउनसमेत जान्दैनन् । कतिको भोटै बदर हुन्छ ।

साथसाथै राजनीतिक प्रशिक्षणको अभावले गर्दा पार्टी कुन पार्टीको के विचार सिद्धान्त नीति कार्यक्रम हो भने थाहा हुँदैन । नेपाली कांग्रेसजस्तो ऐतिहासिक र लोकतान्त्रिक पार्टीले पनि गाउँगाउँमा प्रशिक्षण दिँदैन । पार्टीको राष्ट्रियता, लोकतन्त्र र समाजवाद बारे ग्रामीण क्षेत्रका जनता अनविज्ञ छन् । सहरी क्षेत्रमा मात्र कहिले कति प्रशिक्षण गोष्टी र सेमिनार गर्ने हो ? कांग्रेसका नेता कार्यकर्ताहरु ग्रामीण क्षेत्रमा जाँदैनन् । सदर मुकाममा मात्र सीमित हुन्छन् ।

यी कुराहरु सामान्य लाग्न सक्छन् । तर, यसले निर्वाचनमा धेरै प्रभाव पार्छन् । जनता जबसम्म सुशिक्षित र प्रशिक्षित हुँदैन । तबसम्म यस्तो परम्परा रहिरहन्छन् । कांग्रेसका जिल्ला स्तरीय नेताहरुमा पनि प्रशिक्षणको अभाव छ । केन्द्रीय प्रशिक्षण विभाग प्रभावकारी छैनन् । यसमा केन्द्रीय नेताहरुले आसेपासेलाई मनोनयन गर्छन् । प्राध्यापक, वकिल, शिक्षक, अन्वेषक, विशेषज्ञलाई राखिँदैन । यो नाममात्रको विभाग बन्न गएको छ । यिनै कमी कमजोरी र विकृतिले गर्दा निर्वाचन स्वच्छ र निष्पक्ष भइरहेको छैन । यस्ता कुराहरुमा सुधार हुन आवश्यक छ ।

- साभार: बाह्रखरी

# एमालेको जितका पाँच आधार



विष्णु रिजाल

**बलियो जनाधार, सक्रिय कार्यकर्ता पंक्ति, बलियो नेतृत्व र जनतालाई छुने एजेन्डाका कारण स्थानीय निर्वाचनमा विजय हासिल हुन्छ भन्नेमा नेकपा (एमाले) विश्वस्त छ ।**

सत्ता गठबन्धनले पर धकेल्न खोजे पनि अन्ततः मुलुक निर्वाचनमा होमिएको छ । घर-आँगनको सरकार छान्ने निर्वाचन भएकाले ठूला नेतालाई भन्दा तलका नेता-कार्यकर्तालाई निर्वाचन लागेको छ । गाउँ, टोल, वडा र पालिकामा धेरै चासो हुने भएकाले जनता यस निर्वाचनको अग्रपंक्तिमा छन् ।

अनेक दल भए पनि नेकपा (एमाले) र पाँचदलीय मोर्चाबीच चुनाव हुन लागेकाले स्थानीय निर्वाचन स-सानो जनमत संग्रहकै रूपमा देखा परेको छ । चौतर्फी घेराबन्दी, पार्टी विभाजनको प्रयास, सत्ताको दुरुपयोग र एकोहोरो प्रचारबाजीका बावजुद नेकपा (एमाले) आफ्नो विरासत जोगाउनेमा ढुक्क छ ।

कांग्रेस र माओवादीको सरकारले अध्यादेश ल्याएर पार्टी फुटाए पनि मुलुकको एक नम्बर र सबै निर्वाचित तहको पहिलो पार्टी एमाले आफ्नो शक्ति बढाउने अभियानमा सफलतापूर्वक अघि बढिरहेको छ । स्थानीय निर्वाचनमा नेकपा (एमाले) का जितका मूलतः पाँच कारण छन् । पहिलो, अध्यादेशका माध्यमबाट एमालेलाई फुटाउने प्रयासस्वरुप केही नेता कार्यकर्ता बाहिरिएको त्यसको रिक्तता एमालेले साविकको माओवादी केन्द्रबाट पूर्ति गरिसकेको छ । करिब पाँच प्रतिशत पार्टी सदस्य र करिब पाँच लाख मत क्षति हुने आकलन गरेकोमा त्यो संख्या पार्टी एकताको निरन्तरतास्वरुप एमालेलाई पूर्ति भइसकेको छ ।

विगतमा माओवादी केन्द्रका विभिन्न कमिटीमा बस्नुभएका, निर्वाचित हुनुभएका, युद्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका र जनाधार भएका नेता कार्यकर्ताको ठूलो पंक्ति एमालेमा समाहित भएको छ । जुन मात्रामा पार्टी विभाजन भएर असान्दर्भिक भइसकेका नेताहरू बाहिरिएका छन्, तिनको तुलनामा जनाधार भएका र जनतामा भिजेका नेताहरूले एमालेमा निरन्तरता दिएका छन् । यसैले हामीले विभाजनबाट भोग्न सक्ने क्षतिलाई एकता प्रक्रियाका माध्यमबाट असुल गरिसकेकाले विभाजनले कुनै फरक पार्दैन । जति तल्लो तहमा गयो, त्यति नै विभाजनको क्षति कम रहेको र विगतमा विभाजनका पक्षमा लागेका नेता-कार्यकर्ता पनि निरन्तर घर फर्किसकेकाले क्षति धेरै न्यून भइसकेको छ ।

दोस्रो, अन्य पार्टीबाट एमालेमा भित्रिनेहरूको संख्या अभूतपूर्व छ । एमाले सत्तामा छैन, सत्ताधारीहरूले विभिन्न प्रकारका घेराबन्दी गरेका छन् । एमालेका विरुद्धमा राज्यसत्ताको दुरुपयोग गरेका छन् । तर पनि विभिन्न दलका नेता-कार्यकर्ता एमालेमा प्रवेश गर्ने क्रम तीव्र छ । यसबीचमा जनसभा र पार्टी प्रवेश कार्यक्रमहरू हेर्ने हो भने एमालेबाहेक अरू कुनै दलमा आकर्षण नै छैन । विगतमा तुलनात्मक रूपमा कमजोर भएका क्षेत्रहरूमा अरू पार्टीका तर्फबाट जननिर्वाचित नेता कार्यकर्ताको ठूलो संख्या एमालेमा प्रवेश गरेको छ । मधेशकेन्द्रित दलहरूका साथै कांग्रेस र स्वतन्त्र बसेका मानिसहरूले पनि एमाले रोज्ने क्रम तीव्र छ ।

समाजका सबै तह र तप्काका मानिसहरूमा एमाले स्वीकार्य राष्ट्रिय शक्तिका रूपमा विकास भइरहेको छ । पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म जति पनि राजनीतिक कार्यकर्ता र नागरिकहरू एमालेमा प्रवेश गरेका छन्, यी सबै एमालेका लागि अतिरिक्त उपलब्धि हुन् । त्यसैले यसपटकको निर्वाचनमा यस संख्याले महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्पष्ट छ ।

तेस्रो, विगत निर्वाचनमा एमाले र माओवादीको अलगअलग निर्वाचन चिन्ह भएका कारण करिब ८ लाख मत रद्द भएको थियो । तीमध्ये कम्तीमा पाँच लाख मत एमालेका छन् । यसपटक एमालेमा चिन्हका बारेमा कुनै अलमल छैन । एमालेसँग मिल्न आएका स-साना पार्टीलाई पनि कहींकतै अनुकूल भएमा सूर्य चिन्हबाट मात्र समावेश गरिएको छ ।

यसैले 'सातै सूर्य सातै छाप' नारा देशभर कार्यकर्ताले घन्काइरहेका छन् । त्यसैले यसपटक मत रद्द भएका कारण हुनसक्ने क्षतिबाट एमाले फाइदामा रहन्छ र ती पाँच लाख मतदाताका सदर मत एमालेमा जोडिन्छन् । ठीक विपरीत, सत्तारुढ गठबन्धनमा भने चिन्हकै महाभारत छ । पञ्चरंगी चुनाव चिन्हका कारण उनीहरूका मतदातालाई जतिसुकै प्रशिक्षित गरे पनि ठूलो मात्रामा मत रद्द हुने अवस्था छ । सत्तारुढ गठबन्धनको छायाँमा परेर र उनीहरूलाई फाइदा हुने गरेर ६ वटा महानगरमा उम्मेदवार उठेको पदमा मात्र चिन्ह रहने भनेर निर्वाचन आयोगले घोर आपत्तिजनक निर्णय गरे पनि देशभरका अरू पालिकामा यो सम्भवै छैन । यसबाट जति प्रयास गर्दा पनि सत्तारुढ गठबन्धनलाई ठूलो घाटा लाग्ने निश्चित छ । जबकि, एमाले चाहिं कुनै पनि प्रकारको अलमलमा छैन ।

चौथो, यसपटक ३५ लाख नयाँ मतदाता थपिएका छन् र तिनीहरूको आम रुझान नेकपा (एमाले) तर्फ छ । विकास र समृद्धिका बारेमा नेकपा (एमाले) को सरकारले अघि बढाएको अभियानले धेरैलाई छोएको छ । खागसरी, आफ्नो भविष्यका बारेमा बढी चिन्तित हुने र देशभित्र केही पनि हुन्न भनेर निराश भएर विदेशको मुख ताक्ने युवा वर्गमा केपी ओली नेतृत्वको सरकारले एक प्रकारको आशा र अपेक्षा जगाएको छ ।

देशभित्रै केही गर्न सकिन्छ र आफ्नो देशको मुहार आफैं फेर्न सकिन्छ भन्ने यो भावनाले नयाँ पुस्तालाई गहिरो गरी प्रभावित गरेको छ । विश्वकै गरिब, सानो, पछौटे, परनिर्भर देश भनेर बुझ्दै आएको नयाँ पुस्तामा राजनीतिक नेतृत्वले केही अठोट गरेमा देश बनाउन सकिन्छ भन्ने आत्मविश्वास पलाउनु सकारात्मक कुरा हो । अझ भारतसँग ठाडो शिर गरेर आफ्नो भूमि आफ्नो नक्सामा समावेश गर्न सक्ने दमदार प्रधानमन्त्रीका रूपमा ओलीको छवि युवा पुस्ताबीच लोकप्रिय छ । समकालीन नेताहरूका नाम र तस्वीर राखेर सर्वेक्षण गराउने हो भने पनि आम युवाले ओलीलाई छान्छन् । 'आइ लभ यु केपी बा' भनेर कुनै ७० वर्षका नागरिकहरूले होइन, युवाहरूले भनिरहेका छन् । नयाँ पुस्ताका मतदाताहरूको रुझानको फाइदा नेकपा (एमाले) लाई हुन्छ ।

पाँचौं, नेकपा (एमाले) को पंक्ति एकताबद्ध छ । तलदेखि माथिसम्म कमरेड ओलीको नेतृत्वमा एउटै लय र तालका साथ एमालेले काम गरिरहेको छ । जसले पार्टीभित्र आफूलाई सहज महसुस गर्न सकेनन्, कांग्रेसको बैसाखी टेकेर ती बाहिरिइसकेका छन् । साथसाथै, तिनीहरूसँगै एमालेभित्रको निरन्तरको किचलो पनि बाहिरिएको छ । वडा अधिवेशन, पालिका अधिवेशन, जिल्ला अधिवेशन, राष्ट्रिय महाधिवेशन, जनसंगठनका अधिवेशनहरूमा देखा परेको सुझबुझ र एकताले नेकपा (एमाले) मा नयाँ प्रकारको ऊर्जा उत्पन्न गराएको छ । तर, एमालेका प्रतिस्पर्धी पार्टीहरू भने आन्तरिक किचलो र भागबन्डाबाट गुज्रिरहेका छन् । नेपाली कांग्रेसमा त टिकट नै किनबेच भएको सार्वजनिक वक्तव्य शेखर कोइरालाले निकालेका छन्, विभिन्न ठाउँमा बागीहरूको विगविगी छ । सत्ताका लागि माओवादीसँग सिद्धान्तको लेनदेन गऱ्यो भन्दै ठूलो संख्यामा नेता-कार्यकर्ताले कांग्रेस छाडिरहेका छन् ।

फुट्दाफुट्दा 'हिङ बाँधेको टालो' मा रूपान्तरण हुन लागिरहेको माओवादीमा त्यस्तै हालत छ । एमसीसीका बारेमा उनीहरूका नेताहरूको अडान र भित्रभित्रै गुम्सिरहेको अवस्था सबैलाई थाहै छ । भर्खरै जन्माइएको सानो पार्टीमा पनि ठूला नेताहरूको गाँड कोराकोर सतहमै प्रकट भइरहेको छ भने मधेशी पार्टीमा शक्ति-संघर्षले कतिबेला फुट्ने हो भन्ने नै थाहा नहुने अवस्था छ ।

यस्तो अवस्थामा नेकपा (एमाले) चाहिं एकताबद्ध रूपमा निर्वाचनमा होमिएको छ । माथिबाट कुनै नेताले फेर समात्न नदिएका कारण उम्मेदवार चयनमा यसपटक आम रूपमा विवादरहित निर्णयहरू भएका छन् । लडाइँमा जति बढी एकता हुन्छ, त्यति नै बल प्राप्त हुन्छ । त्यसैले नेकपा (एमाले) ले बल प्राप्त गरिरहेको छ ।

यीबाहेक पनि एमालेका लागि प्रशस्तै अनुकूलता छन् । सत्तामा आएको नौ महिनासम्म शेरबहादुर देउवाको गठबन्धन सरकारले कुनै पनि सरकारात्मक र जनतालाई प्रभाव पार्न सक्ने काम गर्न नसकेका कारण मानिसले अघिल्लो सरकारलाई सम्झिरहेका छन् । एकपछि अर्को विवादास्पद, अलोकप्रिय र जनतालाई कुनै प्रभाव नपार्ने काममा लिप्त गठबन्धनका कारण पनि एमालेलाई अतिरिक्त फाइदा भएको छ ।

हिजो ओली सरकारमाथि लगाएका गलत आरोपहरू अहिले गठबन्धन सरकारतिरै फर्किएका छन् । यतिसम्म कि, आफैं समेत सहमत भएर संसदबाट सर्वसम्मत रूपमा जारी भएको नक्साका विषयमा समेत देउवाले भारतसँग कुरा उठाउन नसकेको विषय जनताका मनमा गम्भीरतापूर्वक गढेको छ र उनीहरूले आफ्नो भावनामा एमाले र ओलीलाई खोजेका छन् । बलियो जनाधार, सक्रिय कार्यकर्ता पंक्ति, बलियो नेतृत्व र जनतालाई छुने एजेन्डाका कारण स्थानीय निर्वाचनमा विजय हासिल हुन्छ भन्नेमा नेकपा (एमाले) विश्वस्त छ ।

-साभार: अनलाईनखबर

# तेह्र वर्षदेखि आयोजना अलपत्र पारेपछि...



काठमाडौं/कुनै पनि परियोजना सम्पन्न गर्न कति समय लाग्ला ? उत्तर सहज छ, ठाउँ र अवस्था हेरेर मात्रै भन्न सकिन्छ। आयोजनामा काम गर्ने निर्माण व्यवसायी, परामर्शदाता, स्थानीय सरोकारवालाले निर्वाह गर्ने भूमिकाका आधारमा समय र लागतका बारेमा उल्लेख गर्न सकिन्छ ।

सन् २००९ देखि सुरू भएको एउटा आयोजना हालसम्म सम्पन्न हुन सकेको छैन । निर्माण व्यवसायीको लापरबाहीका कारण काम सम्पन्न नगर्ने प्रवृत्ति देखिएको छ । सरकारले औद्योगिक क्षेत्रको विस्तार एवं गुणस्तरीय बिजुली उपलब्ध गराउन तय गरेको लक्ष्यसमेत यस्ता प्रवृत्तिका कारण समस्यामा परेको देखिएको छ ।

कार्यान्वयन गराउने नेपाल विद्युत प्राधिकरणसमेत निर्माण व्यवसायीको लापरबाहीका कारण पटक-पटक आलोचनाको शिकार बन्नु परेको छ । अनेकन बहना निकालेर निर्माण व्यवसायीले पूरा हुनै लागेका दुई वटा सवस्टेसन अलपत्र पारेको छ । यस्तै, दुई सवस्टेसनको क्षमता वृद्धिको कामसमेत लामो समयदेखि पूरा हुन सकेको छैन ।

प्राधिकरणले निर्माण व्यवसायीलाई पटक/पटक निर्माण सम्पन्न गर्न गरेको आग्रहलाई समेत अस्वीकार गरेका कारण ती आयोजनाको भौतिक प्रगति ९६ प्रतिशत मात्रै पूरा भए ।

सन् २००९ मा चिनियाँ ठेकेदार कम्पनी फोङडिङ इन्टरनेसन कम्पनी लिमिटेड र त्यसको पेटी ठेकेदारका रूपमा रहेको हुलास स्टिल प्रालिले तोकिएको समयमा काम नगर्दा हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको काम अलपत्र परेको छ । नियमित रूपमा काम गर्दा बढीमा डेढ वर्षमा सम्पन्न गर्न सकिने सो आयोजना १३ वर्ष हुँदासमेत पूरा हुन सकेको छैन । नेपाल विद्युत प्राधिकरणले निर्माण व्यवसायीसँग गरेको सम्झौता खारेज गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेको छ ।

आयोजना प्रमुख सन्तोष साहका अनुसार पटक/पटक गरिएको आग्रहलाई अस्वीकार गरेर राष्ट्रिय महत्वको आयोजनाको काम अलपत्र पारेकाले ठेक्का खारेज गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न पत्राचार गरिएको छ ।

प्राधिकरणले उक्त निर्माण व्यवसायीको कार्यसम्पादन जमानत र अग्रिम भुक्तानी जमानत बराबरको सात करोड रकम पनि जफत गरेको छ । ठेक्का खारेज भएपछि नयाँ प्रक्रियाबाट निर्माण व्यवसायी छनोट गरी काम अगाडि बढाउने तयारी थालिएको साहले जानकारी दिए ।

प्राधिकरणले तोकिएको शर्त अनुसार काम नगरेपछि बिलम्ब जरिवानासमेत लगाएको थियो । 'अनेकन बहाना बनाएर आयोजना अलपत्र पारेपछि प्राधिकरणसँग अरू कुनै पनि विकल्प बाँकी थिएन, सोही अनुसार नै ठेक्का सम्झौता खारेज गरिएको हो' प्राधिकरणको आयोजना कार्यान्वयन निर्देशनालयले सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखेको पत्रको विवरणमा भनिएको छ ।

हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनअन्तर्गत भरतपुर र हेटौंडामा १३२ केभी क्षमताका दुई सवस्टेसन निर्माण गर्ने तथा हेटौंडा र नवलपरासीको सवस्टेसनको क्षमता वृद्धि गर्ने कार्यादेश थियो । कार्यादेशमा तोकिएको काम अन्तिम चरणमा पुगेपछि अन्तिम समयमा आएर काममा ढिलाइ गरेको तथा प्राधिकरणको आग्रहलाई अस्वीकार गरेको पाइएको छ ।

पछिल्लो चार वर्षदेखि निर्माण व्यवसायीले आयोजनास्थल समेत छाडेको छ । आयोजनास्थलमा सबै सामान आयात भइसकेको भए पनि उपकरण जडानलगायतका काम अलपत्र छ ।

भरतपुर र हेटौंडामा सवस्टेसन निर्माण पूरा नहुँदा ती क्षेत्रमा थप लोड दिन प्राधिकरणलाई समस्या परेको छ । थप बिजुली मागेका उद्योगलाई प्राधिकरणले बिजुली दिन सकेको छैन ।

यस्तै, बिजुलीको भोल्टेजमा पनि समस्या देखिएको छ । सोही निर्माण व्यवसायीका कारण प्राधिकरणले निर्माण गरेको १४ मेगावाट क्षमताको कुलेखानी तेस्रो आयोजनासमेत लामो समय अलपत्र परेको थियो । प्राधिकरणले आफ्ना इन्जिनियर र प्राविधिक कर्मचारी पठाएर आयोजना सम्पन्न गरेको थियो ।

तोकिएको समय र सर्त अनुसार काम नगर्ने जोसुकै निर्माण व्यवसायीलाई दिइएको ठेक्का खारेज गरेर नयाँ प्रक्रिया सुरू गर्ने तयारीमा प्राधिकरण लागेको छ । लामो समयसम्म आयोजना होल्ड गरेर बस्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्राधिकरणले केही कडानीति अख्तियार गर्न लागेको छ ।

घरायसी तथा औद्योगिक ग्राहकलाई सहज रूपमा बिजुली उपलब्ध गराउन आइपर्ने सबै खालका व्यवधानलाई हटाउन प्राधिकरणले केही कडानीति अख्तियार गर्ने तयारी गरिरहेको कार्यकारी निर्देशक कुलमान घिसिङको भनाइ छ ।

हिउँदको समयमा केही कठिनाइ भए पनि वर्षाको समयमा बिजुली खपत गराउन प्राधिकरणले आन्तरिक रूपमा नै बिजुली खपत गराउने रणनीति अख्तियार गरेको छ । -साभार: सेतोपाटी

# सन् २०२२ को पहिलो त्रैमासमा भिभो शीर्ष स्थानमा




काठमाडौं/काउन्टर पोइन्ट रिसर्चको मासिक मार्केट पल्स सर्भिसका अनुसार सन् २०२२ को पहिलो त्रैमासमा भिभो स्मार्टफोन चीनको बजारमा पहिलो स्थानमा परेको छ ।

उक्त अवधिमा चीनको स्मार्टफोन बजारमा आएको गिरावटलाई ध्यानमा राख्दै २० प्रतिशत बजार हिस्साका साथ भिभोले पहिलो स्थान ओगटेको हो । यस त्रैमासिक अवधिमा भिभोको भी र वाई सिरिजको उत्पादन लाइन-अपबाट प्राप्त भएका सकारात्मक बजार प्रतिक्रियाले यस स्थान हासिल गर्न सहयोग पुऱ्याएको छ ।

स्मार्ट उपकरणहरू र इन्टेलिजेन्ट सेवाहरू मार्फत भिभोले बलियो गति कायम राखेको छ । काउन्टर पोइन्ट रिसर्चका अनुसार २०२१ मा चीनको स्मार्टफोन बजारमा भिभोले २२ प्रतिशतको बजार हिस्सा ओगटेको थियो ।

विश्वव्यापी विस्तारको साथ हालसम्म भिभोले ६० भन्दा बढी देश र क्षेत्रहरूमा आफ्नो बिक्री नेटवर्कको शाखा विस्तार गरिसकेको छ । र, विश्वभरका ४०० मिलियन भन्दा बढी प्रयोगकर्ताहरूले मन पराएका छन् । -साभार: सेतोपाटी

# करणी गरेको अभियोगमा ललितपुरबाट युवक पक्राउ

ललितपुर/प्रहरीले २६ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा त्रियुगा नगरपालिका-४ त्रिबोच घर भएका २३ वर्षीय टंक बहादुर बिक रहेका छन् । करणी गरेको सूचनाको आधारमा प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई महालक्ष्मी नगरपालिका-४ इमाडोल शिलताहाइटबाट पक्राउ गरेको हो ।

पक्राउ परको उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । -स्रोत: अनलाईनखबर

# देश विकासका लागि एमालेले जित्न जरुरी : एमाले अध्यक्ष ओली

झापा/पूर्वप्रधानमन्त्री एवं प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशको विकास, लोकतन्त्रको रक्षा र सार्वभौमसत्ता जोगाउन एमालेले स्थानीय तहको निर्वाचन जित्न जरुरी रहेको बताएका छन् ।

गृहजिल्ला झापाको मेचीनगरमा सोमबार अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले नेकपा एमालेको पक्षमा जनलहर आएको जिकिर गरे । उनी सोमबार बिहान काठमाडौंबाट झापा आएका हुन् । झापाको भद्रपुर र हल्दिबारीको आमसभामा सहभागी बनेर उनी अपराह्न मेचीनगरको धुलाबारी आएका हुन् ।

मेचीनगर मुलुकको प्रवेशद्वार भएको हुँदा तीव्र विकासका लागि एमालेका उम्मेदवारलाई जिताउन उनले मेचीनगरबासीलाई आह्वान गरे । उनले हल्दिबारी गाउँपालिका-१ गोलधाप र भद्रपुर नगरपालिका-३ को ज्ञानचोकमा आयोजित आमसभालाई सम्बोधन गरेका थिए । -साभार: रातोपाटी

# गभर्नरप्रति अर्थमन्त्रीको कटाक्ष
# स्वार्थमा काम गर्दा ठूलो समस्या ल्याउने रहेछ



काठमाडौं/अर्थमन्त्री जनार्दन शर्माले अदालतको अन्तरिम आदेशपछि पुनर्बहाली भएका नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीप्रति कटाक्ष गरेका छन् ।

मंगलबार काठमाडौंमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान)ले गरेको एक कार्यक्रममा उनले 'नियामकीय संघ-संस्थाहरूमा एउटा टुल्स प्रयोग गर्नेमा अर्को प्रयोग गरेमा त्यसले ठूलो चुनौती ल्याउने महसुस आफूले गरेको उल्लेख गरे ।

अर्थमन्त्री शर्माको प्रस्तावमा मन्त्रिपरिषद्को गएको चैत २४ गतेको बैठकले गभर्नर अधिकारीमाथि जाँचबुझ समिति गठन गरेको थियो । समिति गठनसँगै स्वत: निलम्बनमा परेका अधिकारी वैशाख ६ गते सर्वोच्च अदालतको अल्पकालीन अन्तरिम आदेशपछि पदमा पुनर्बहाली भएका छन् । वैशाख ६ गते गभर्नरमाथि छानबिन नगर्न र गभर्नरलाई काम गर्न दिन अल्पकालीन अन्तरिम आदेश दिएको सर्वोच्चले १६ गते उक्त आदेशलाई निरन्तरता दिँदै अन्तिम फैसला नआउँदासम्म गभर्नरमाथि छानबिन नगर्न आदेश दियो ।

चैत अन्तिम साता निलम्बन भएर वैशाख ६ गतेपछि काममा फर्किएयता गभर्नर र अर्थमन्त्री एउटै फोरममा सँगै देखिएका छैनन् । आजको सम्मेलनमा आईक्यानले अर्थमन्त्री शर्मालाई प्रमुख अतिथि र गभर्नर अधिकारीलाई विशेष अतिथिका रूपमा निमन्त्रणा गरेको थियो । सम्मेलनको उद्घाटन अर्थमन्त्री शर्माले गरे । कार्यक्रममा गभर्नर अधिकारी अनुपस्थित भए ।

कार्यक्रममा अर्थमन्त्री शर्माले गभर्नरप्रति लक्षित गर्दै जानकारहरूले गलत हिसाब गर्दा त्यसको असर के होला भन्दै कटाक्ष गरे । 'वित्तीय सुशासन र त्यसभित्रको पहलकदमी लिनका लागि लेखापरीक्षण निकाय, नियमनकारी संस्थाहरूको सही पहल र वित्तीय सुशासन भएन भने त्यसले धेरै ठूलो प्रभाव पार्छ,' उनले भने, 'गलत हिसाब गरियो भने त्यसको प्रभाव के होला ?

यस्तो कार्य जानकारहरूले नै गर्ने हो, यो टुल्स यहाँ प्रयोग गर्दा मलाई फाइदा हुन्छ भन्ने सोच्यो, व्यक्तिगत स्वार्थ राख्यो भने त्यसले राष्ट्रिय रूपमा ठूलो समस्या ल्याउने रहेछ । त्यसले राष्ट्र, अर्थतन्त्र र समग्र प्रणालीलाई नै असर पार्छ । त्यसले पार्ने प्रभावको आकलन गरौं, त्यो धेरै भयावह हुन्छ ।'

उनले इमानदारिता, स्वच्छता र जिम्मेवारीबोधको आवश्यकता रहेको समेत बताए । गभर्नरप्रति कटाक्षमा उत्रिएका अर्थमन्त्री सर्वोच्चले 'गभर्नर माथि जाँचबुझ समिति गठन गरी निलम्बन गर्ने कार्य प्रथम दृष्टिमा नै पूर्वाग्राही र बदनीयतपूर्ण रहेको' भनी गरेको व्याख्यामा भने बेखबर रहेको भैंm देखियो ।

कार्यक्रममा अर्थमन्त्री शर्माले समग्र देशको नै अडिट गर्नुपर्ने अवस्था रहेको बताए । 'मैले आईक्यानका अध्यक्षज्यूलाई के हो अडिट भनेर सोधेँ, उहाँले अडिट भनेको परीक्षण भन्नुभयो,' उनले भने, 'अडिट भनिरहँदा हिसाबकिताबको मात्रै बुझिने गरेको छ । परीक्षण भनेको लेखा क्षेत्रमा मात्रै हैन, समग्र क्षेत्रमा लागु हुने कुरा हो । आज हाम्रो देशमा बहुआयामिक गरिबी किन छ, यसको अडिट गर्नुपर्ने बेला भएको छ ।'

उनले इमानदारिता 'लुज' हुँदा व्यापार घाटा र शोधनान्तर घाटा बढेको हो कि भन्दै यसको पनि अडिट हुनुपर्ने कटाक्ष गरे । 'आज व्यापार घाटा र शोधनान्तर घाटाको कुरा गरिरहेका छौं, कहाँ मिस्टेक भयो ? कहाँ इमानदारितामा लुज भयो ? वा भुलचुकमा भयो, त्यसको अडिट गर्नुपर्ने बेला भएको छ,' उनले भने, 'यति राम्रो हावापानी र उत्पादन गर्ने जमिन हुँदा पनि तीन खर्बको खाद्यवस्तु किन आयात भइरहेको छ, यसको अडिट गर्नुपर्छ ।

आजको दिनमा अर्थमन्त्रीको नाताले मै जिम्मेवार छु । तर, हिजोको दिनमा अडिटमा समस्या थियो कि खोज्दै र हेर्दै छु ।' उनले विगतको कमी-कमजोरी खोजी गरिरहेको भन्दै त्यसका लागि लेखा व्यवसायीसँग सहयोगको अपिल गरे । 'हाम्रो उत्पादनको र कृषि जमिनको अडिट गर्नुपर्ने बेला भएको छ । बाँझो जमिन कति छ ? के कारणले बाँझो छ ? किन श्रम गर्नेले पाएको छैन ?,' उनले भने, 'एकातिर बेरोजगारी छ, अर्कोतिर जमिन किन बाँझो छ ? श्रम गर्नेले किन जमिन पाएका छैनन् ? यसको अडिट गर्नुपर्ने बेला भएको छ ।'

राष्ट्रिय सम्पत्तिको नै अडिट गर्ने उनको भनाइ छल । राष्ट्रिय सम्पत्तिको अडिट गरेर सम्पत्ति यति हो भन्न सक्नुपर्ने उनले बताए । 'हाम्रो, हिमाल, तराई, पहाड, नदी र झरनाहरूको मूल्य कति हो ? हाम्रा युवा श्रमिहरूको मूल्य कति हो ? त्यसको मूल्य पहिचान गर्न त्यसको अडिट गर्नुपर्ने बेला भएको छ । यहाँहरूलाई त्यो आग्रह गर्न चाहन्छु, त्यो नगरी यो राष्ट्र निर्माण गर्न सकिँदैन,' उनले भने ।

अर्थमन्त्री शर्माले कोभिड-१९ र त्यसपछि रुस र युक्रेन युद्धले आफूलाई पाठ सिकाएको भन्दै उक्त पाठबाट अगाडि बढ्ने बताए । 'रसिया-युक्रेन युद्धले विश्व अर्थतन्त्र र मूल्य शृंखलामा परेको प्रभाव, त्यसले मानव सभ्यतामा र मानव जीवनमा पार्ने प्रभाव तथा बेरोजगारी र गरिबीतिर धकेल्ने अवस्था सिर्जना हुँदै छ । त्यसबाट पनि पाठ सिक्नुपर्छ,' उनले भने, 'अब स्वपुँजीमा प्राप्त स्रोत-साधनलाई प्रयोग गरेर युवा बहुल श्रमशक्ति, प्रविधलाई जोडेर देशलाई आत्मनिभरतातिर लैजानुको विकल्प छैन ।'

उनले थपे, 'त्यसका लागि हिजो गरिएका अडिटमा भुलचुक कहाँ छ, त्यसलाई सच्याउने बेला आएको छ । हामी मिलेर सच्यौं ।' -साभार: बाह्रखरी

# बन्द नहुने भयो इन्टरनेट सेवा



काठमाडौं/सरकारले विदेशी मुद्रा सिफारिसमा रोक लगाएका कारण देशव्यापी बन्द हुने भनिएको इन्टरनेट सेवा बन्द नहुने भएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अपस्ट्रिम प्रोभाइडर्स जस्ता कम्पनीलाई भुक्तानी गर्न विदेशी मुद्रा सिफारिस गर्न पूर्ण रूपमा बन्द गरेका कारण इन्टरनेट काटिने अवस्थामा पुगेको थियो । गत शनिबार इन्टरनेट सेवा प्रदायक संघ नेपाल (आइस्पान)का अध्यक्ष सुधिर पराजुलीले विज्ञप्ति जारी गर्दै इन्टरनेट बन्द भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने बताएका थिए ।

हिजो आइस्पानका प्रतिनिधि र सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीबीच भएको भेटमा मन्त्री सकारात्मक देखिएपछि समस्या समाधान हुने भएको हो । 'मन्त्रीज्यूले समस्या सहजीकरण गर्ने आश्वासन दिनुभएको छ । अब इन्टरनेट सेवा बन्द हुँदैन,' उनले भने ।

नेपालका इन्टरनेट सेवा प्रदायकहरूले भारतको टाटा, एयरटेल र सिफ्फीबाट व्यान्डविथ खरिद गर्दै आएका छन् । अध्यक्ष पराजुलीका अनुसार कम्पनीले विगत ६ महिनादेखि भारतीय कम्पनीलाई शुल्क भुक्तानी गर्न नसक्दा आगामी हप्ताबाट देशभर इन्टरनेट बन्द हुने स्थिति आएको हो ।

सञ्चार मन्त्रालयले लामो समयदेखि बेरुजु देखाएर भुक्तानी रोकिदिएको थियो । छ महिनादेखि ब्यान्डविथको रकम भुक्तानी गर्न नसकेपछि भारतीय कम्पनीले इन्टरनेट बन्द गर्ने चेतावनी दिएको पराजुलीले बताए ।

नेपालको संघीय संसदको सार्वजनिक लेखा समितिबाट दूरसञ्चार नियमावली २०५४ को नियम २६ र अनुसूची ६ (क) अनुसार सपोर्ट शुल्क, मर्मत, टेक्निकल शुल्क, मनिटरिङ जस्ता शुल्क र रोयल्टी नलाग्ने हुँदा बेरुजु नरहेको उनले बताए ।

'हाम्रो तर्फबाट बेरुजु नै छेन । फाइल मिलाउन मात्रै बाँकी हो । तर मन्त्रालयले त्यो काम नगरिदिएर बेरुजु देखिएको हो,' उनले भने । सोमबार मन्त्रालयले सेवा प्रदायकहरूको ब्यान्डविथको डलर सिफारिस पत्र दर्तासमेत गरिदिएको बताइएको छ । योसँगै बेरुजुको विषय समाधान हुने विश्वास उनको छ । -साभार: सेतोपाटी

# कर्मचारीलाई यातना दिइएको छैन : वायुसेवा निगम

काठमाडौं/नेपाल वायुसेवा निगमले निगमका कर्मचारी देवराज ओझालाई यातना नदिइएको स्पष्ट गरेको छ ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले 'एक कर्मचारीलाई यातना दिएर बेहोस' शीर्षकमा विभिन्न सञ्चारमाध्यममा आएको समाचारको खण्डन गर्दै निगमले अध्यक्षको कार्यकक्षमा बेहोस भएर ढलेका ओझालाई उपचारका लागि मोडल अस्पताल पुऱ्याइएको जनाएको छ ।

अध्यक्ष अधिकारीले ओझा सोमबार दिउँसो एक्कासी आफ्नो कार्यकक्षमा ढलेपछि तत्काल उपचारका लागि अस्पताल लगिएको विषयलाई अतिरञ्जित बनाइएको बताए । कर्मचारी ओझालाई संस्थाका विषयमा केही दिनअघि सामान्य सोधपुछ मात्र गरिएको जानकारी उनले दिए । -साभार: रातोपाटी

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल बैशाख १२ गते हेटौंडा-४ स्कूलरोडस्थित पार्किङ्ग गरिरहेको अवस्थाबाट राती ९:०० बजेदेखि ९:३० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ८८९
**मोटरसाइकल धनीको नाम:** सौरव ढुंगाना
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २२० F
**मोटरसाइकलको रंग:** कालो-रातो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A13EX1MCE90152
**इन्जिन नम्बर:** DKXCME11791
**सम्पर्क फोन नम्बर:** ९८४५५६८४९९

श्री
निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
मकवानपुर

**आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।**

**लुम्बनाथ पोखरेल**
**प्रदेश निर्वाचन अधिकारी**

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# थाहानगरमा एमालेको घोषणापत्र सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ नेकपा एमालेले उत्तरी मकवानपुरको थाहा नगरपालिकामा स्थानीय तह निर्वाचनको लागि प्रतिवद्धतापत्र सार्वजनिक गरेको छ ।

'सुशासन, विकास र आर्थिक समृद्धि हाम्रो रहर (कृषि, पर्यटन र पूर्वाधारसहितको सुन्दर थाहानगर' नारा दिइएको प्रतिवद्धता पत्रमा करिब ८२ बुँदाहरु समावेश गरिएको छ । प्रतिवद्धतापत्रमा शिक्षा, युवा रोजगार तथा खेलकुद, यातायात, पदमार्ग तथा भौतिक पूर्वाधार, खानेपानी व्यवस्थापन, फोहर मैला व्यवस्थापन, जनस्वास्थ्य, सामाजिक सुरक्षा, जलवायु परिवर्तन, विपद व्यवस्थापन तथा सहरी सुरक्षा, सूचना तथा सञ्चार, सम्पदा संरक्षण तथा पर्यटन विकास, कृषि, पशु सेवा तथा बजार व्यवस्थापनलागयतका मूख्य योजना तथा कार्यक्रमहरु समावेश गरिएको छ ।

यातायात, पदमार्ग तथा भौतिक पूर्वाधार अन्तर्गत चित्लाङ-चन्द्रागिरी-थानकोट सडक (गणेशमान सिंह मार्ग)को स्तरोन्नतिका लागि नियमित योजना सञ्चालन गर्न पहल गर्ने, थाहा नगरलाई काठमाडौंको भगिनी सहरको रुपमा विकास गर्न चित्लाङ-थानकोटमा सुरुङ मार्ग निर्माण गर्न डीपीआर तयार गर्न लगाई आवश्यक पहल गर्ने, नगरका प्रत्येक टोलहरुलाई सडक सञ्जालमा जोड्दै निर्माण सम्पन्न भइसकेका सडकहरुको स्तरोन्नति गर्ने, त्रिभुवन राजपथको स्तरोन्नति गर्नका लागि आवश्यक पहल गर्ने लगायतका कुराहरु उल्लेख छ । खानेपानी व्यवस्थापन अन्तर्गत 'एक घर एक धारा-नगरको अभिभारा' नारा दिएर सबै घरपरिवारलाई खानेपानीको पहुँचमा पुऱ्याउने योजनालाई पनि प्रतिवद्धता पत्रमा उल्लेख गरिएको छ ।

शिक्षा अन्तर्गत थाहाको ५ र १२ नम्बर वडामा मावि तहसम्मको सुविधासम्पन्न भवन सहितको विद्यालय स्थापना गर्ने, कक्षा १२ सम्म नि:शुल्क शिक्षा, थाहानगरमा कम्तिमा एक विद्यालयलाई पूर्ण प्राविधिक विद्यालय बनाउने, विद्यालयमा कार्यरत निजी स्रोत शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहन भत्तासहित सरकारी सोसरह पारिश्रमिकको व्यवस्था गर्ने पनि एमालेले घोषणा गरेको छ ।

# थाहानगरको घर-घरमा पुग्दै गठबन्धनका उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ सत्तारुढ पाँचदलीय गठबन्धनले मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा चुनावी प्रचारप्रसारलाई तीव्रता दिएको छ ।

नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रको तालमेलमा गठबन्धन भएको थाहा नगरका १२ वटै वडामा चुनावी अभियानलाई तीव्रता दिइएको हो । थाहा नगरमा माओवादी केन्द्रबाट मेयरमा विष्णु बिष्ट र काँग्रेसबाट उपमेयरमा भरत गोपाली उम्मेदवार बनेका छन् ।

१२ नम्बर वडा बाहेकका वडामा गठबन्धन नभएपछि मेयर, उपमेयरका लागि दलिय गठबन्धनले मत मागिरहेको उपमेयरका उम्मेदवार गोपाली बताए । 'वडागत अवस्थामा १२ नम्बरबाहेक कुनै पनि वडामा गठबन्धन भएको छैन, ११ वटा वडामा एक्लाएक्लै चुनावी मैदानमा होमिए पनि गठबन्धनमा रहेका सबै दलले मेयर र उपमेयरका लागि प्रचारप्रसारसँगै मत मागिरहेका छन् ।' गोपालीले भने, 'यहाँ गठबन्धनको प्रचारप्रसार उत्साहजनक छ ।' थाहामा यसअघि २०७४ मा पनि माओवादी केन्द्र र काँग्रेसबीच गठबन्धन भएको थियो ।

माओवादीबाट मेयरमा लवशेर विष्ट र उपमेयरमा काँग्रेसबाट खड्ग गोपाली निर्वाचित भएका थिए । संयुक्त पाँच दलिय गठबन्धनमा पनि यसपटक माओवादी केन्द्र र काँग्रेसको भागमा पर्ने गरी थाहा नगरमा तालमेल गर्दा जितका लागि सहज भएको मेयरका उम्मेदवार बिष्टले बताए ।

उनले घरदैलो, जनतामा गठबन्धनको प्रतिबद्धता पुऱ्याउने र जनताका समस्यालाई मुख्य एजेन्डा बनाएर प्रचारप्रसारमा जुटेको जानकारी दिए । पर्यटकीय नगरीको रुपमा देशभर परिचित थाहामा पर्यटकीय विकाससँगै अधिकांश जनताका कृषिसँग जोडिएकोले आधुनिक कृषिमा जोड दिने उपप्रमुखका उम्मेदवार विष्टले प्रतिबद्धता व्यक्त गरे । उनले प्रचार प्रसारको क्रममा गठबन्धनका सबै उम्मेदवारले जनताको समस्यालाई समेट्ने विश्वास दिलाइरहेको बताए । १० स्थानीय तहमध्ये उत्कृष्ट मानिएको थाहा नगरमा हाल करिब ३२ हजार मतदाता छन् ।

# एमाले र राप्रपाले गऱ्यो आचारसंहिता उल्लङ्घन

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ मकवानपुरमा पछिल्लोसमय राजनीतिक दलहरुले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने घटना बढ्दै गएको छ ।

निर्वाचन आयोगले पुर्ण रुपमा आचारसंहिता लागू गर्दै स्वच्छ वातावरणमा निर्वाचन सम्पन्न गर्ने बताइरहदा राजनीतिक दलहरुले भने आचारसंहिता उल्लङ्घनको घटना बढाउँदै लगेका हुन् । हेटौंडा-५ नम्बर वडामा एमाले र राप्रपाले नेपाल विद्युत् प्राधिकरणको पोलमा झण्डा तथा पर्चाहरु टाँसेको छ । निर्वाचन आचारसंहिता अनुसार विद्युतीय पोलमा झण्डा राख्न पाइँदैन । विशेष गरी हेटौंडा-५ को लट्टीनाथ क्षेत्रमा एमालेले झण्डा विद्युतीय पोलमा झुण्ड्याएको छ । एमाले र राप्रपाले दैनिकरुपमा आचारसंहिता उल्लङ्घन गर्दा पनि निर्वाचन अधिकृतको कार्यालय मौन बसेको भन्दै अन्य दलहरुले आपत्ति जनाउन थालेका छन् ।

यता निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन आचारसंहिता विपरीत पार्टीको सभाजुलुसमा हिड्ने, राजनैतिक दलको प्रचार गर्ने ३ जना निजामती कर्मचारीलाई २४ घण्टे स्पष्टिकरण सोधिसकेको छ ।

# बागी उम्मेदवारलाई कारबाही

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ स्थानीय तहको निर्वाचनमा पार्टीको निर्देशन विपरित बागी उम्मेदवारी दिएको भन्दै नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठन (नेपोन)ले दुई जनालाई कारवाही गरेको छ ।

नेकपा एमाले निकट जनबर्गीय संगठन नेपोन मकवानपुरले वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा बागी उम्मेदवारी दिएका दुई जनालाई कारवाही स्वरुप निष्कासित गरिएको जनाएको छ । कारवाहीमा पर्नेमा मकवानपुरगढी गाउँपालिकाका कृष्ण कंडेल र हेटौंडा १४ का कृष्ण थपलिया रहेका छन् । संगठनको जिल्ला सदस्य पदमा रहेका दुबैजनाले पार्टीको निर्देशन उलैन गर्दै बागी उम्मेदवारी दिँदै फिर्ता समेत नलिएको जनाइएको छ । उनीहरुले पार्टी हित बिपरित हुनेगरी उम्मेदवारी दिएकै कारण कारवाही गर्नुपरेको संगठनका मकवानपुर जिल्ला अध्यक्ष शिव थापाले बताए ।

कँडेल र थपलियालाई यस अघि नै नेकपा एमाले मकवानपुरले पार्टीको साधारण सदस्य समेत नरहने गरि कारवाही गरिसकेको छ ।

# हेटौंडालाई भ्रष्टचारमुक्त बनाउछु : दीपक सिंह

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ राष्ट्रिय प्रजातान्त्र पार्टीबाट हेटौंडा उपमहानगरपालिकाको मेयरको उम्मेवार बनेका दिपकबहादुर सिंहले हेटौंडालाई भ्रष्टचारमुक्त बनाउने बताएका छन् ।

मंगलबार पत्रकार सम्मेलन गर्दै सिंहले आफू मेयरमा निर्वाचित भएमा हेटौंडालाई भ्रष्टचारमुक्त बनाउने बताएका हुन् । पत्रकार सम्मेलनमा उनले हेटौंडाको विकास गर्ने योजनासँगै भ्रष्ट्राचार अन्त्य गर्ने उपायको बारेमा पनि आफ्नो धारणा राखेका थिए । भ्रष्ट्राचार नहुने बित्तिकै विकासका कामहरु तीब्र ढंगले अघि बढ्ने उनको भनाई छ । उनले भने 'मैले र मेरो परिवारले बेइमानी गरेको पैसा एक कौडी पनि खाँदैन र अरुलाई पनि बेइमानी गर्न दिँदैन् ।' हेटौंडा उपमहानगरको स्वास्थ्य क्षेत्र निकै कमजोर रहेको भन्दै उनले आफू विजयी भए विशेषज्ञ सेवा सहितको सुविधायुक्त अस्पताल निर्माण गर्ने, हेटौंडाको चक्रपथलाई पुरा गर्नेर घरघरमा बृद्धाभत्ता पुऱ्याउने व्यवस्था गर्ने लगायतका कामहरु गर्ने सुनाए ।

हेटौंडालाई चार वर्षभित्र महानगरपालिका बनाउने सोच आफुले गरेको भन्दै विज्ञहरु नियुक्त गरि हरेक क्षेत्रको विकासलाई प्राथमिकता दिने उनले बताए । सिंहले सहर बनाउने भिजन आफूसँग भएको दाबी गर्दै हेटौंडाको मेयरमा आफू विजयी भए कुनैपनि सेवासुविधा नलिने घोषणासमेत गरे ।

उनले सेवासुविधाबापत आएको तलबभत्ता शिक्षा, स्वास्थ्य तथा विकासमा खर्च गर्ने बताए । कार्यक्रममा बोल्दै उपमेयरकी उम्मेद्वार इन्दीरा न्यौपाने डल्लाकोटीले आफूहरु विजयी भए भ्रष्ट्राचार उन्मुलन, घरदैलोसेवा, विकासको कामलाई तिब्रता दिने बताइन् ।

# गठबन्धनले भ्रम फैलायो : पुर्वमुख्यमन्त्री पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले गठबन्धनले आम जनसमुदायमा भ्रम फैल्याएको आरोप लगाएका छन् ।

मंगलबार हेटौंडा-१८ मा भएको नेकपा एमालेको चुनावी सभालाई सम्बोधन गर्दै उनले पाँचदलिय सत्ता गठबन्धनले आम जनसमुदायमा भ्रम फैलाएको भन्दै गठबन्धनले देश समृद्ध बनाउने नभई आफू र आफ्ना कार्यकर्ता पोस्ने मात्रै बताएका हुन् । गठबन्धनसँग डराउन आवश्यक नरहेको भन्दै उनले एमालेको जनप्रतिनिधि विजयी भएको वडामा विकासको लहर आएको बताए ।

एमालेबाट चोईटिएर बनेको नेकपा एसलाई उनले खरानी पार्टीको संज्ञासमेत दिए । खारनीलाई हावाले उडाएर लगेजस्तै समाजवादी पार्टी पनि ३० गतेपछि सकिने पौडेलको दाबी थियो ।

# भीमफेदीमा गठबन्धनको चुनावी अभियान तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ भीमफेदी गाउँपालिकामा सत्तारुढ पाँचदलीय गठबन्धनले चुनावी अभियानलाई तीव्र बनाएको छ ।

बैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचनको लागि भीमफेदीमा गठबन्धनले चुनावी अभियानलाई तीव्रता दिएको हो । भीमफेदी गाउँपालिकामा कांग्रेस, माओवादी केन्द्र नेकपा एकीकृत समाजवादी र जसपाले दैनिक रुपमा उम्मेदवारसहित घरदैलोमा पुगिरहेको छ ।

मंगलबार भीमफेदी गाउँपालिकाको अध्यक्षको उम्मेदवार बद्री तामाङ, उपाध्यक्षका उम्मेदवार सञ्जिव श्रेष्ठसहितको टोलीले भीमफेदी गाउँपालिका-९ को चुनिया, अघोर र बाघमारा लगायतको स्थानमा घरदैलो कार्यक्रम गरेको छ । घरदैलोमा गठबन्धनप्रति जनताले देखाएको आशा र भरोसाले भीमफेदीमा गठबन्धनको जीत सुनिश्चित देखिएको उपाध्यक्षका उम्मेदवार श्रेष्ठले बताए । उनले भने 'हामी दैनिक रुपमा जनताको घर आँगनमा पुगिरहेका छौ । जनताले हामीलाई गर्नुभएको विश्वास देख्दा हामीले गठबन्धनको जीत सुनिश्चित देखेका छौ । जनताको समस्या र चाहना बुझ्न घर-घर पुगिरहेका छौ ।'

घरदैलो कार्यक्रममा भीफमेदी गाउँपालिको माओवादी केन्द्रका अध्यक्ष रञ्जित राना मगर, कांग्रेस महाधिवेशन प्रतिनिधि गौरीमाया लामा, जसपा अध्यक्ष कुमार मैनालीलगायतको उपस्थिति रहेको थियो ।

# गठबन्धनका उम्मेदवारले मुस्लिम समुदायसँगै मनाए इद

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ सत्तारुढ गठबन्धनका उम्मेदवारहरुले इद उल फित्र पर्व मुस्लिम समुदायसँगै मनाएका छन् ।

मंगलबार हेटौंडा-४ स्थित जामे मस्जिदमा पुगेर मेयरका उम्मेदवार मीना लामा र उपमेयर राजेश बानियाँको समूहले मुस्लिम समुदायसँगै इद पर्व मनाएको हो । कोरोनाका कारण २ वर्षपश्चात् मुस्लिम समुदायले सामुहिक रुपमा प्रार्थना गरेर यस पर्व मनाएका छन् । स्थानीय तहको निर्वाचन नजिकएसँगै सत्तारुढ गठबन्धनले हेटौंडा उपमहानगरको विभिन्न स्थानमा घरदैलो कार्यक्रम गरिरहेको छ । गठबन्धनले हेटौंडा-६, चौघडा, हेटौंडा-७, कमाने र हेटौंडा-१० स्थित न्युरेनी क्षेत्रमा घरदैलो कार्यक्रम गरेको थियो । घरदैलोको क्रममा स्थानीयको मुद्धाको सम्बोधनको वाचा मेयर र उपमेयरका उम्मेदवारले गरेका थिए ।


## गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतको विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु ब्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |


Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



## कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पूर्ण खोप, सुरक्षित भविष्य

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
**३ महिना पूरा भएपछि बुस्टर खोप**
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा
कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला।




कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौंडा, मकवानपुर, नेपाल






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



## ADMISSIONS OPEN FOR 2079

From Nursery to Grade 9

**Scholarships**
*a feature of socially responsible institution...*

*Madhav Raj Sumargi Memorial Scholarship based on*
**Entrance Tests** 189+ Seats

*Rup Chandra Bista "Thaha" Memorial Scholarship based on*
**Students' Talent** 108+ Seats

*Bishwakanti Kalawati Sumargi Scholarship based on*
**Students' Rank** 39+ Seats

Scholarship Test
24 Baishakh 2079

APPLY NOW
Admission forms are also available online
www.admission.hetaudaacademy.edu.np

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np



साझाकुरा
**www.sajhakuranews.com**
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

*साझाकुरा*
खोजी खोजी पढौं ।
दैनिक रुपमा समाचार पढौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना